८२ औ बैठक

मिति २०७७ साल पौष ५ गते आईतबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिती</u> :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री विष्णुहरि गर्गोला का.वा. वडा अध्यक्ष वडा नं. ३

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

अन्य उपस्थिती :

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री कपिला पडेल, लेखा प्रमुख

श्री अजय श्रीवास्तव, स्वास्थ्य शाखा प्रमुख

श्री अनिल खनाल, आ.ले.प शाखा प्रमुख

ई. तारापति भट्टराई, प्रमुख पूर्वाधार शाखा

**निर्णय नं. १ :**

जिल्ला प्रशासन कार्यालय, दमौली तनहुको नाममा दर्ता कायम भई तिब्बतीयन शरणार्थीका लागि छुट्याईएको हाल शुक्लागण्डकी वडा नं. ८,साविक ढोरफिर्दी नक्शा नं. ३ ट,कि.न. ६१,६६,६७,६८,६९ बाट पश्चिमतर्फको हाल प्रयोगमा नआएको करीब १५ रोपनी जग्गामा नगरस्तरीय आधारभूत अस्पताल निर्माण गर्ने गरी भोगाधिकार कायम गर्न आवश्यक प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालय,दमौली तनहुमा अनुरोध गरी पठाउने ।

**निर्णय नं. २ :**

यस नगरपालिकामा भुमिहिन,दलित,भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीलाइ नेपाल सरकारले निर्धारण गरेको मापदण्डअनुसार कार्य अघि बढाउन भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि,२०७७ को दफा ३ बमोजिमको सहजीकरण समितिमा देहायबमोजिम सदस्य मनोनय गर्ने :

– दफा ३ को उपदफा (१)ग बमोजिम यस नगरपालिकामा क्रियाशिल देहायका राष्ट्रिय मान्यता प्राप्त दलहरुमध्ये देहायका राजनैतिक दलका प्रमुख वा निजले तोकेका प्रतिनिधि :

क) नेपाल कम्युनिष्ट पार्टीका नगर कमिटी अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

ख) नेपाली कांग्रेस नगर सभापति वा निजले तोकेको प्रतिनिधि — सदस्य

ग) जनता समाजवादी पार्टी नगर अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

साथै नगरपालिकामा क्रियाशिल अन्य राजनैतिक दललाई आमन्त्रित गर्न सकिनेछ ।

– दफा ३ को उपदफा(१)घ बमोजिम देहायका कार्यपालिका सदस्य लाई मनोनय गर्ने :

क) दलित कार्यपालिका सदस्य — श्री भरत लामगादे

ख) महिला कार्यपालिका सदस्य — श्री विष्णुमाया ढकाल लम्साल

– दफा ३ को उपदफा(१)ङ बमोजिम संयोजकले तोकेको देहायको सदस्य

क) शुक्लागण्डकी नागरिक समाजको अध्यक्ष — श्री खेमराज खनाल

ख) नगरपालिकाभित्र भुमि,आवास लगायतका क्षेत्रमा काम गरेका संस्थाको प्रतिनिधि

**निर्णय नं. ३ :**

शुक्लागण्डकी वडा नं. ८,संगमटोलमा मा चिस्यान केन्द्र स्थापनाको लागि नगरपालिकाले तयार पारेको स्वीकृत डि.पी.आर. अनुसार बहुबर्षीय ठेक्का प्रकाशन गर्ने,साथै डि.पी.आर अनुसार अपुग हुने रकम आगामी आर्थिक वर्ष ०७८/७९ मा विनियोजन गर्ने गरी भवन निर्माण कार्य प्रारम्भ गर्ने ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढोरफिर्दी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ४ :**

शुक्लागण्डकी नगरपालिकाको आठौ तथा हिउदे नगरसभा आगामी माघ ५ गते सोमबारका दिन विहान ११ बजे आयोजना गर्ने,चालु आ.ब ०७७/७८ मा संशोधित गर्नुपर्ने योजनाको विवरण सम्बन्धित विषयगत समिति,वडा कार्यालयबाट साथै विधायन समितिले नगरसभामा प्रस्तुत गर्ने कानुनको विधायन आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

**निर्णय नं. ५**

शुक्लागण्डकी नगरपालिका वडा नं ८ मा अवस्थित नेपाल रेडक्रस सोसाईटी ढोरफिर्दी उपशाखाको भवन जिर्ण भएको हुदा उक्त भवनको रंगरोगन र शौचालयको जिर्णोद्दारको लागि रु १ लाखको वजेट सिमाभित्र प्राविधिक ईष्टीमेट गराई उक्त कार्य गर्ने,साथै नगरपालिका पूर्वाधार विकासतर्फको फुटकर योजना नगरपालिकाभर शिर्षकबाट खर्च लेख्ने ।

**निर्णय नं. ६ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. ४ निवासी श्री चक्रपाणी ढुंगानाले विष्णुको मन्दिर स्थापना गर्न चाहेकोले निवेदन पेश गरेको हुदा शुनपा ४ हिलेटारमा मन्दिर स्थापना को लागि आवश्यक सहजीकरण गर्ने ।

**निर्णय नं. ७ :**

शु.न.पा वडा नं. ६ बेलडाडा टोल विकास संस्थाले जिर्ण भएका ६ वटा विजुलीका पोल प्रतिस्थापन गर्दा लागेको खर्च रु १,११,८७०।– नगरपालिका पूर्वाधार विकासतर्फको फुटकर योजना नगरपालिकाभर बाट खर्च लेख्ने गरी भुक्तानी गर्ने ।

**निर्णय नं. ८ :**

आ.ब ०७७/७८ मा देहायका वडाहरुको शाखा मोटरमार्ग मर्मतसंभारमा भएको निम्नानुसारको खर्च भुक्तानी रकम अनुमोदन गर्ने :

| क.स | वडा नं. | भुक्तानी भएको रकम(रु) |
|---|---|---|
| १ | १ | ७,१२,८०० |
| २ | २ | ४,७०,००० |
| ३ | ३ | १२,७६,७४८ |
| ४ | ५ | १,१६,६०० |
| ५ | ६ | ४,९२,४३२ |
| ६ | ७ | १,०५,००५ |
| ७ | ८ | ५,४९,१९९ |
| ८ | ९ | २७०४५९ |
| ९ | १० | ८,४४,८०० |
| १० | ११ | ११,२७,६४७ |
| ११ | १२ | १३,२०,००० |
| कुल रकम | | ७२,८५,६९० |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**<u>निर्णय नं. ९ :</u>**

शु.न.पा वडा नं ५ झरौटामा जि.पी कोईराला राष्ट्रिय श्वासप्रश्वास केन्द्र आईशोलसन निर्माण उपभोक्ता समितिले संझौताबमोजिम आईशोलेसन वार्डको निर्माण कार्य सम्पन्न गरी अन्तिम मुल्याकंनपश्चात भुक्तानी गरीएको कुल रकम रु ६५,३७,०६२ अनुमोदन गर्ने ।

नगर प्रमुख

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत